# चामुण्डाविन्द्रासैनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जम्बुकाँध, दैलेख

चामुण्डा विन्द्रासैनी नगरपालिकाको कार्यालय जम्बुकाँध, दैलेख कर्णाली प्रदेश, नेपाल

कर्णाली प्रदेश नेपाल

मिति २०७५/०६/०३

## 'संविधान दिवस' २०७५को शुभकामना

आदरणीय नगरवासी आमा बुबा, दाजुभाई तथा दिदीबहिनीहरु

नेपाली जनताले विभिन्न समय र कालखण्डमा गर्दै आएको विभिन्न ऐतिहासिक जनआन्दोलन, त्याग, तपश्या बलिदानी र संघर्षको परिमाण स्वरुप प्राप्त भएको नेपालको संविधान जारी गर्न आफ्नो ज्यानको वलि दान दिनुहुने ज्ञात/अज्ञात शहिदहरु प्रति हार्दिक श्राद्धान्जली व्यक्त गर्दै शहिद परिवारप्रति समवेदना व्यक्त गर्न चाहान्छु। आज हामी २०७५ साल असोज ३ गते **'संविधान दिवस'** मनाउन लागि रहेको यस सुखद् अवसरमा आम जनसमुदायको उत्तरोत्तर प्रगति सुख शान्ति र समृद्धिको **शुभकामना** व्यक्त गर्दछु।

संविधान हाम्रो मुल कानून हो हाम्रो संविधानले हामी नेपालीका विभिन्न अधिकारहरु जो विगतमा केही व्यक्तिहरुको हातमा सिमित थिए त्यस्ता अधिकारहरु नेपालको संविधनान ले सवैको लागि समानरुपले प्रदान गरिदिएको छ। केन्द्रमा रहेका तमाम अधिकारहरु आज गाँउ गाँउमा जनतनाले प्रत्यक्ष खोज्न पाउने अवस्था हाम्रो संविधानले व्यवस्था गरेको छ। हाल नेपालमा संघियता कार्यान्वयनको वर्तमान अवस्थामा सबै क्षेत्र, वर्ग, जात समुदाय लगायत सम्पुर्ण सबैको अमुल्य योगदानको आवश्यकता महसुस भएको छ। लामो समयदेखि नेपालमा चलि आएको केन्द्रिकृत शासन प्रणालीलाई विस्थापित गर्दै नेपाल तीन तहको संघिय शासन प्रणालीमा प्रवेश गर्न सफल भएको छ। यो संविधानको सफलतासंगै **'सुखी नेपाली समृद्ध नेपाल'** को नारालाई आत्मसाथ गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमबाट शान्ति सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न प्रत्येक आम नागरिकले जिम्मेवारी पुर्वक आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्ने बेला आएको छ। संविधान प्रदत्त अधिकारको प्रयोग होस वा दायित्वको सवाल होस आत्मा साक्षी राखी गम्भिर भएर सोच्नु पर्ने बेला भएको छ। प्राप्त उपलब्धी रक्षा एवम् संस्थागत सवलिकरण गर्न सकिएन भने दोषारोपण गर्नाले हाम्रो समृद्धि तर्फको यात्रा निश्चित रुपमा ओझेल पर्ने देखिन्छ। समयको गतिशिलतालाई नबुझ्नु, समय मागको उपेक्षा गर्नु समाज र राष्ट्रको लागि प्रत्युपादक हुनसक्छ। आज समयले हामी जो जसलाई जे भुमिकामा उभाएको छ उक्त आफ्नो भुमिकामा न्याय गर्न सकौं, सहकार्य र समन्वय हाम्रो मन्त्र बनोस, जनताको हित नै हाम्रो अभिष्ट बन्न सकोस यही शुभकामना व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहका साथ अझ बढी थप सहकार्य र समन्वय गर्दै जाने प्रतिवद्धता समेत जाहेर गर्दछु।

आउनुहोस नगरको समृद्धि र विकासका निमित्त हातेमालो गर्दै संग-संगै अगाडी बढौं। 'संविधान दिवस' २०७५ को शुभकामना।

**हार्दिक अभिवादन सहित!**

(सूर्यबहादुर शाही)
नगर-प्रमुख

सूर्य बहादुर शाही
(नगर प्रमुख)